आर्थिक वर्ष२०७४/७५को

नीति, बजेट तथा कार्यक्रम

नागार्जुन नगरपालिका

काठमाडौँ जिल्ला

प्रदेश नं. ३

विषय-सूची

नागार्जुन नगरपालिकाको पहिलो नगर प्रमुख श्री मोहन बहादुर बस्नेतबाट पहिलो नगरसभाको नीति, कार्यक्रम तथा बजेट सार्वजनिकीकरण कार्यक्रमको मन्तव्य	२–८
नागार्जुन नगरपालिकाको पहिलो नगर उप–प्रमुख श्री शुशिला अधिकारीबाट पहिलो नगरसभाको नीति, कार्यक्रम तथा बजेट सार्वजनिकीकरण कार्यक्रमको मन्तव्य	९–२०
परिचय	१–२४
नीतिगत निर्णयहरु	२५–३७
आय व्ययको विवरण अनुसूचि –१	३८–४०
अनुसूचि –२ प्राप्तीको अनुमान	४१–४४
कर सेवा दस्तुर आदि	४५–५४
सडक मापदण्ड	५५–५८
सेवा शुल्क दस्तुर	५९–६६
कार्यपालिकाको पहिलो बोर्ड बैठकबाट पारित भएका योजनाहरुको विवरण	६७–७५
कार्यपालिकाको पहिलो बोर्ड बैठकबाट पारित भई ०७४–७५ भित्रै भुक्तानी भएका योजनाहरुको विवरण	७६–७९

वडागत सिलिङ्ग बजेट अन्तर्गत पूर्वाधार विकास योजना तथा कार्यक्रमहरुका विवरण ८०–८८

वडागत सिलिङ्ग बजेट अन्तर्गत आर्थिक विकास योजना तथा कार्यक्रमहरुका विवरण ८९–९१

वडागत सिलिङ्ग बजेट अन्तर्गत सामाजिक विकास योजना तथा कार्यक्रमहरुका विवरण ९२–९९

वडागत सिलिङ्ग बजेट अन्तर्गत वातावरण तथा विपद व्यवस्थापनका योजना तथा कार्यक्रमहरु १००–१०४

वडागत सिलिङ्ग बजेट अन्तर्गत संस्थागत विकास सेवा प्रवाह र सुशासनका कार्यक्रम तथा योजना १०५–१०७

नगरस्तरीय पूर्वाधारजन्य योजना तथा कार्यक्रमहरु १०८–११२

व्ययको अनुमान अनुसूचि–३ ११३–११४

वित्तीय व्यवस्थापन अनुमान अनुसूचि–३ (विस्तृत) ११५–११७

वित्तीय व्यवस्थापन अनुमान अनुसूचि–४ खुद ऋण प्राप्ती ११८

वार्षिक विकास स्वीकृतिको फाराम अनुसूचि–७ ११९–१३७

पदाधिकारी तथा कर्मचारीहरुको विवरण १३८–१४५

नागार्जुन नगरपालिकाको पहिलो नगर प्रमुख श्री मोहन बहादुर बस्नेतबाट पहिलो नगरसभाको नीति, कार्यक्रम तथा बजेट सार्वजनिकीकरण कार्यक्रम २०७४/०३/३०

यस नागार्जुन नगर कार्यपालिकाको नगर सभाको निर्णय सार्वजनिकरण कार्यक्रमका प्रमुख अतिथी पूर्व उपप्रधान एंवम संघिय मामिला तथा स्थानिय विकास मन्त्री माननीय प्रकाश मान सिंहज्यू

विषेश अतिथि माननीय पूर्व मन्त्री एंवम सांसद अष्टलक्ष्मी शाक्यज्यू

माननीय सभासद ध्यान गोविन्द रञ्जितज्यू, नविन्द्र राज जोशीज्यू, रामवीर मानन्धरज्यू तथा बिक्रम बहादुर थापाज्यू ,

पूर्व मन्त्री राधा कृष्ण मैनालीज्यू

राजनैतिक पार्टिका प्रतिनिधिज्यूहरु

नगरकार्य पालिकाका सदस्यज्यूहरु

पदपूर्ति समितिका अध्यक्ष सिताराम खनालज्यू तथा अन्य उपस्थित महानुभावहरु,

सर्वप्रथम हाम्रो देशमा भएका लोकतान्त्रिक आन्दोलनहरुमा आफ्नो जीवन बलिदान गर्नुहुने अमर शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । नागार्जुन नगर कार्यपालिकाको पहिलोनगर सभामा आर्थिक वर्ष २०७४/०७५ को बार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्ष बिभोर भएको छु । यस अवसरमा यहाँ उपस्थित हुनु हुने नगर सभाका सभाध्यक्ष, प्रमुख अतिथीज्यू, विषेश अतिथीज्यू र नगरकार्यपालिकाका सदस्यज्यूहरु,नगरपालिकाका सदस्यज्यूहरु लगातय सम्पूर्ण उपस्थित महानुभावहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

स्थानीय तहको कानून निर्माण नभै सकेको यस घडीमा संविधानले दिएको अधिकार तथा जनमतको कदर गर्दै आ.व २०७४/७५ को नीति तथा कार्यक्रममा सवै नगरवासीको भावना समेट्ने हरसम्भव प्रयास गरेको छु ।

सहभागिता मूलक योजना तर्जुमाका ७ ओटै चरणहरु पार गरी वडा समितिको वैठक , विभिन्न विषयगत समितिको वैठक , कार्यपालिकाको वैठक तथा सरोकारवाला महानुभावहरु संगको छलफल तथा अन्तर्क्रिया वाट प्राप्त सुझावका आधारमा कार्यपालिकाले आ.व २०७४/७५ को नीति , वजेट तथा कार्यक्रम तर्जुमा गरेको व्यहोरा जानकारी गराउन चाहान्छु ।

नयाँ निर्माण भएको स्थानीय तह यसका धेरै अप्ठ्याराहरु रहेका छन् ।

- नगरपालिकाको सवै वस्तुस्थिती झल्कने नगर प्रोफाइल नहुनु।
- नगर गुरुयोजना नहुनु ।
- नगरपालिका तथा वडा कार्यालयहरुको कार्यालय भवन नहुनु।
- आर्थिक अवस्था सवल नहुनु ।
- सडक पुर्वाधारहरु व्यवस्थित नहुनु , पिउने पानीको राम्रो प्रवन्ध नहूनु ।
- सरकारी तथा सार्वजनिक सम्पतिहरुको संरक्षण नहुनु ।
- सार्वजनिक यातायातको राम्रो वन्दोवस्त नहुनु । आदि

यसरी विविध अप्ठाराहरुलाइ चिर्दै आगामी वर्षहरुमा नगरपालिकाले संविधानको मर्म , ऐन कानून तथा नगरवासीको भावना अनुरुप यस नागार्जुन नगरपालिकालाइ सुन्दर एंव व्यवस्थित नगरपालिकाको रुपमा रुपान्तरण गर्ने व्यहोरा समेत यहाँहरु सवैमा अनुरोध गर्न चाहान्छु ।

सोच -

- समग्र नगरपालिकाको वस्तुस्थिती झल्कने नगर प्रोफाइल निर्माण गर्ने ।
- नगरपालिकाको वृहत गुरुयोजना तयार गर्ने ।
- शान्ति सुशासन र दीगो विकासमा जोड दिने ।
- पर्यटकीय क्षेत्रको प्रचुर सम्भावना रहेको यस नगरपालिकालाइ पर्यटकिय क्षेत्रको रुपमा विकास गर्ने ।

- कृषि क्षेत्रलाइ अर्गानिक कृषि पकेट क्षेत्रको रुपमा विकास गर्ने ।
- शुन्य सहनशिलता अवलम्वन गर्दै नगरपालिकालाइ सुशासन मैत्री नगरको रुपमा विकसित गर्ने ।
- पर्ती जग्गाहरुको संरक्षण गरी खुल्ला क्षेत्र/पार्क आदिको रुपमा विकास गर्ने ।
- अन्तर नगर सम्वन्ध तथा भगिनी सम्वन्ध स्थापना गर्ने ।

लक्ष्य -

- उच्च प्राथमिकताका साथ आवश्यकीय पूर्वाधारका कार्यक्रमहरु संचालन गर्ने
- समाजमा विकासको मूल प्रवाहीकरणवाट पछाडी परेका वर्गलाइ विकासको मूल प्रवाहीकरणमा ल्याउने ।
- सामाजिक तथा आर्थिक रुपले अति विपन्न तथा भिन्न क्षमता भएका व्यक्तिहरुको लागि विषेश कार्यक्रमहरु संचालन गर्ने ।
- सेवाग्राही मैत्री नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुको भवन निर्माण गरिने ।
- नगरपालिका कार्यालय तथा वडा कार्यालयवाट प्रदान गरिने सेवा प्रावहलाइ प्रविधिमैत्री वनाउदै लगिने ।
- स्वीजरल्याण्ड पार्क लगायत अन्य प्रचलित तथा सम्भाव्यता भएका पार्क तथा ऐतिहासिक स्थलहरुको व्यवस्थिति संरक्षण तथा व्यवस्थापन गरि पर्यटन पूर्वाधारहरुको निर्माणमा जोड दिइने ।

उदेश्य -

- पूर्वाधार निर्माणमा एकै किसिमको मापदण्ड लागू भै व्यवस्थित विकासात्मक गतिविधी संचालन गराइने ।
- नगरक्षेत्र भित्रवाट उद्पादित फोहरलाइ व्यवस्थित रुपमा व्यवस्थापन गराइने ।
- पुर्ण सरसफाइ तर्फ उन्मुख गराइने ।

- सामाजिक तथा भौतिक विकासका क्षेत्रहरुको समग्र विकास ग री समुन्नत नगरपालिका निर्माण गरिने ।
- लागत सहभागिता हुने कार्यक्रमहरु संचालनमा विषेश जोड दिइने ।
- स्वयम्भु देखि जामाचोक सम्म केवुलकार निर्माणको लागि नीजि क्षेत्रहरु संग समन्वय गरि सम्भाव्यता अध्यायन गरिने ।
- युवा मैत्री विविध कार्यक्रमहरु संचालन गरिने ।
- शुद्ध पिउने पानीको आपूर्तिको लागि विषेश योजनाहरु संचालन गरिने ।
- कृषि कार्यलाइ उर्जा प्रदान गर्न गुणस्तरीय वीउ विजन , कृषि औजार एंव उपकरणहरु तथा सहुलियत कृषि कर्जाको लागि विशेष पहल गरिने ।

अपेक्षित उपलव्धी

- नगरपालिकाको व्यवस्थित गुरुयोजना तयार भएको ।
- सेवाग्राही मैत्री नगरपालिका कार्यालय तथा वडा कार्यालय भवनहरु स्थापना भएको ।
- प्रविधिमैत्री कार्यालय संचालन भएको ।
- नगरवासीले शुद्ध पिउने पानी पाएका हुनेछन् । साथै नगर भित्रका सडक तथा गल्लीहरु सुधारिएको र व्यवस्थित भएको हुने छ ।
- पर्ती जग्गाहरु संरक्षण भइ खुल्ला पार्क र हरियाली भएको हुने छ ।
- पर्यटकिय पुर्वाधार तथा तयार भइ प्रयटकीय नगरीको रुपमा विकास भै पर्यटक आवत जावतमा वृध्दि भएको हुने छ ।
- वालमैत्री / वातावरणमैत्री नगरपालिका भएको हुनेछ ।
- खुल्ला चौपाया तथा सामुदायिक कुकुरहरुको व्यवस्थापन भएको हुनेछ ।
- कृषि तथा पुष्प खेतीको पकेटक्षेत्रको रुपमा विकास भएको हुनेछ ।
- विपद् व्यवस्थापनमा सहजता भएको हुनेछ ।
- नगर स्वास्थ्य केन्द्रहरु व्यवस्थित रुपले संचालन भएको हुनेछ ।

- नगर भित्रका शैक्षिक कृयाकलापहरु गुणस्तरिय रुपमा संचालन भएको हुनेछ ।
- सार्वजनिक यातायातमा सवै नगरवासीको सहज पहुँच पुगेको हुनेछ ।

यसरी विभिन्न सोच, लक्ष्य, उदेश्य तथा उपलव्धीहरुलाइ पुरा गर्नको लागि आर्थिक वर्ष २०७४/७५ मा योजना तथा कार्यक्रम छनौटमा तपशिल वमोजिमका आधारहरुलाई लिइएको छ ।

- आर्थिक क्षेत्र
- सामाजिक विकास
- पूर्वाधार विकास
- वातावरण तथा विपद व्यवस्थापन
- संस्थागत विकास तथा सेवा प्रवाह
- वित्तिय व्यवस्थापन तथा सेवा प्रवाह

यसरी विभिन्न आधार अनुसार नगर कार्यपालिकावाट वडागत सिलिङ्ग रु १ करोड ५० लाख निर्धारण गरी वस्तीको आवश्यकताका आधारमा योजना तथा कार्यक्रमहरु छनौट भै आएका छन् भने नगरस्तरीय योजना तथा कार्यक्रमहरु केही ठूला तथा महत्वकाक्षी रहेका छन् । जुन पूरा गर्दा नगरवासीको उच्चतम हितमा प्रयोग गर्न सकिने व्यहोरा समेत म यहाँ प्रस्तुत गर्न चाहान्छु ।

- नगर वासीको शुद्ध पिउने पानीको आवश्यकतालाइ ध्यानमा दिइ विभिन्न उपयुक्त स्थानहरुमा खानेपानी डिप वोरिङ्गको कार्यक्रम संचालन गर्न उचित प्रवन्ध मिलाएको छु ।
- स्वयम्भु चक्रपथ देखि उपत्यकाकै प्रसिद्ध नारायण, इचंगुनारायण मन्दिर सम्म जाने सडक कालोपत्रे गर्ने कार्यलाइ उच्च प्राथमिकतामा राखिएको छ ।
- चालु आ.व २०७३/७४ मा सम्पन्न नभएका चालु अवस्थामा रहेका योजना तथा कार्यक्रमहरुलाइ सम्पन्न गर्ने व्यवस्था मिलाएको छु ।

- नगरवासीको चासोको रुपमा रहेको सीतापाइला रामकोट भीमढुंगा हुदै गल्छी जोड्ने सडकको दायाँ वायाँ रहेका घरजग्गाहरुको मुआव्जाको लागि उपत्यका विकास प्राधिकरण संग पहल गरिनेछ ।
- फस्कु–घट्टेखोला–नर्सरी–भञ्याङ्ग–स्यूचाटार जोड्ने सडक निर्माणलाइ प्राथमिकतामा राखेको छु ।
- नगर भित्रका सडक , गल्ली, चोक तथा कल्भर्टहरु निर्माणको लागि उच्च प्राथमिकतामा राखेको छु ।
- व्यवस्थित वसोवास मैत्री नगरपालिकाको रुपमा विकास गर्न Smart City मा न्यूनतम विषेशताहरुलाइ अवलम्वन गर्न विषेश व्यवस्था मिलाउने रणनीति लिएको छु ।
- फोहरवाट कम्पोष्ट मल वनाउने नीति अख्तियार गर्दै Waste to Energy को अवधारणा अगाडी वढाउन सम्वन्धित सरोकारवालाहरुसंग सहकार्य गरिनेछ ।
- उज्यालो नगरको रुपमा विकास गर्न सडक सौर्य वत्ती राख्ने कार्यको लागि सम्वन्धित सरोकारवालाहरुको सहयोगमा कार्य गर्न समपुरक कोषको व्यवस्था गरिएको छ ।
- स्वीजरल्याण्ड पार्कलाइ उपत्यकाकै नमूना पार्कको रुपमा विकास गर्न आवश्यक प्रवन्ध मिलाउने व्यवस्था गरिएको छ ।
- यस नगरपालिका क्षेत्रभित्र रहेको गणेशमान पार्क , पुष्पलाल वाटिका र मनमोहन पार्कको उचित व्यवस्थापनको लागि उचित रकमको व्यवस्था गरिएको छ ।
- महिला सशक्तिकरण सम्वन्धि तालिम , पुष्प खेती , फलफुल तथा तरकारी उत्पादन एंव सो को उचित वजारिकरणको व्यवस्थाको लागि आवश्यक व्यवस्था मिलाउने व्यवस्था गरिएको छ ।
- नगरस्तरवाट संचालन हुने ठूला योजनाहरुको लागि आवश्यकता तथा औचित्यताका आधारमा उचित रकम विनियोजनको व्यवस्था गरिएको छ ।
- करको दायरामा नआएका क्षेत्र तथा करदाता पहिचान गरि दायारामा ल्याउन कर अभियान संचालन गरि कर सप्हातको रुपमा अघि वढाइ सवै क्षेत्रलाइ करको

दायरामा ल्याइने छ । विद्यमान घरजग्गा करलाइ थप व्यवस्थित गर्न एकीकृत सम्पत्ति कर लागू गर्न प्रवन्ध मिलाइने छ ।

- नयाँ गठन भएको स्थानीय तह भएकोले भोलिका दिनमा प्रदेश सरकारको स्थापना भए पश्चात निर्माण हुने ऐन नियम अनुसार नगरपालिकालाइ अझ थप व्यवस्थित एंव मजवूदकासाथ संचालन गर्ने व्यहोरा समेत जानकारी गराउन चाहान्छु ।

वजेट आफैमा तथ्यमा आधारित अनुमान हो । यसको लक्ष्य प्राप्तिका लागि हाम्रो प्रयासले मात्रै पनि संम्भव नहुन सक्दछ । तसर्थ सवै तह र तप्काका व्यक्तित्वहरु , राजनैतिक दल, व्यावसायी, सम्पूर्ण संघ संस्था तथा तमाम नगरवासीको सामूहिक प्रयासवाट मात्र यो संभव छ । समग्र नागार्जुन नगरको विकासवाट समृद्धि प्राप्तिको लक्षयलाइ ठोस रुपमा अगाडि वढाउदै तर्जुमा भएका योजनाहरुलाइ प्रभावकारी र वैज्ञानीक कार्यान्वयन गर्न सवैतिरवाट यथोचित सहयोग हुनेछ भन्नेमा पूर्ण विश्वस्त छु ।

अन्तमा हाम्रो आमन्त्रणलाइ स्वीकार गरि नागार्जुन नगरपालिकाको गरिमामय प्रथम ऐतिहासिक नगरसभामा प्रमुख अतिथिको रुपमा उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू , अन्य अतिथिज्यूहरु, राजनैतिक दलका प्रतिनि धि मित्रहरु, नगर सभाका पार्षद साथीहरु , कर्मचारी, संचार कर्मी , सुरक्षा कर्मी , नगरवासी दाजुभाइ दिदी वहिनीहरु एंव सम्पूर्ण आमन्त्रित महानुभावहरुलाइ यस नगरसभामा सक्रिय सहभागिता जनाइ र सभाको गरिमा वढाइ दिनु भएकोमा यहाँहरु सवैमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु ।

प्रस्तुत नीति तथा कार्यक्रम एंव वजेट तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पूर्णमा नागार्जुन नगरपालिकाको तर्फवाट हार्दिक आभार व्यक्त गर्दै भोलीका दिनमा नगरविकासका लागि सहयोग निरन्तर रुपमा प्राप्त हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु । धन्यवाद !!!

(मोहन वहादुर वस्नेत)
प्रमुख
नागार्जुन नगरपालिका
परिकार पार्टी प्यालेस, आषाढ ३०, २०७४

नागार्जुन नगरपालिकाको पहिलो नगर उप–प्रमुख श्री शुशीला अधिकारीबाट पहिलो नगरसभाको नीति, कार्यक्रम तथा बजेट सार्वजनिकीकरण कार्यक्रम २०७४/०३/३०

यस नागार्जुन नगर कार्यपालिकाको नगर सभाको निर्णय सार्वजनिकरण कार्यक्रमका प्रमुख अतिथि पूर्व उपप्रधान एंवम संघिय मामिला तथा स्थानीय विकास मन्त्री माननीय प्रकाश मान सिंहज्यू

विषेश अतिथि माननीय पूर्व मन्त्री एंवम सांसद अष्टलक्ष्मी शाक्यज्यू

माननीय सभासद ध्यान गोविन्द रञ्जितज्यू, नविन्द्र राज जोशीज्यू, रामविर मानन्धरज्यू तथा बिक्रम बहादुर थापाज्यू ,

पूर्व मन्त्री राधाकृष्ण मैनालीज्यू

राजनैतिक पार्टिका प्रतिनिधि ज्यूहरु

नगरकार्यपालिकाका सदस्यज्यूहरु

पदपूर्ति समितिका अध्यक्ष सीताराम खनालज्यू तथा अन्य उपस्थित महानुभावहरु ।

सर्वप्रथम हाम्रो देशमा भएका लोकतान्त्रिक आन्दोलनहरुमा आफ्नो जीवन बलिदान गर्नुहुने अमर शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । नागार्जुन नगर कार्यपालिकाको पहिलो नगर सभामा आर्थिक वर्ष २०७४/७५ को बार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्ष बिभोर भएको छु । यस अवसरमा यहाँ उपस्थित हुनु हुने नगर सभाका सभाध्यक्ष, प्रमुख अतिथी ज्यू, विषेश अतिथि ज्यू र नगरकार्यपालिकाका सदस्यज्यूहरु, नगरपालिकाका सदस्यज्यूहरु लगातय सम्पूर्ण उपस्थित महानुभावहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

आदरणीय सभाअध्यक्षज्यू ,

नेपाल सरकारको निर्णय बमोजिम मिति २०७३ साल फाल्गुन २७ गते संघीय संरचना अनुसार स्थापना भएको यस नगर पालिकामा स्थानीय तहको निर्वाचन २०७४ साल वैशाख ३१ गते सम्पन्न भई यस नगरपालिकाको कार्यपालिका र नगरसभा गठन भईसकेको व्यहोरा जानकारी गराउदछु। मिति २०७३ साल फाल्गुन २७ गते संघीय संरचना अनुसार स्थानीय तह अन्तर्गत साविक नागार्जुन नगरपालिकाको १४ वटा वडाहरूलाई मिलाएर नागार्जुन नगरपालिकाको १० वटा वडाहरू कायम हुन आएका छन् ।

यस नगरपालिकाको पूर्वमा काठमाडौं महानगरपालिकाको वडा नं. १३,१४,१५ र १६, पश्चिममा धादिङ्गको छत्रे देउराली गा.वि.स., उत्तरमा तारकेश्वर नगरपालिका र दक्षिणमा चन्द्रागिरी नगरपालिका रहेका छन् ।

स्थानीय निकायमा लामो समय सम्म जननिर्वाचित पदाधिकारी नहुदा स्थानीय निकाय संचालनको लागि अत्यन्त असहज परिस्थिति सृजना हुदै गरेको अवस्थामा संघीय संरचना अन्तर्गत स्थानीय निकायलाई स्थानीय तहका रुपमा विकास गरी विगत १५ वर्ष देखिको जनप्रतिनिधिको रिक्ततालाई परिपूर्ती गरी स्थानीय तहको निर्वाचन सम्पन्न गरी जनताको सवैभन्दा नजिकको सरकारलाई स्थानीय जनताहरुले आफैले आफ्ना मतदारा छान्ने व्यवस्था गरी स्थानीय तहको निर्वाचन गरेकोमा सर्व प्रथम म नेपाल सरकारलाई हार्दिक धन्यवाद प्रकट गर्न चाहान्छु साथै सम्पुर्ण मतदाता जसले निर्वाचनमा भाग लिएर आफ्नो अमुल्य मत दिनु भयो उहाँहरु सवैप्रति हार्दिक आभार सहित कृतज्ञता प्रकट गर्दछु ।

संघीय संरचना अनुसार सार्वभौमसत्ता सम्पन्न जनतालाई आफ्नो क्षेत्रको विकासका लागि साधन श्रोत सम्पन्न बनाई विकासको प्रतिफल सन्तुलित र समानुपातिक ढंगबाट पुऱ्याउनु नै स्थानीय शासन प्रणालीको मुख्य उद्देश हो। त्यसै अनुरुप गठन भएका तत्कालिन स्थानीय निकायहरूमा विगत लामो समयदेखिनिर्वाचन नभएको र यस्ता निकायहरुमा निर्वाचित जनप्रतिनिधि विहिन अवस्थामा कर्मचारीहरुद्वारा नै सफलतापूर्वक संचालन गर्दै आएकोमा हाल निर्वाचन सम्पन्न भई स्थानीय तहमा जननिर्वाचित प्रतिनिधिहरूको नेतृत्वले स्थानीय तह संचालनको अवस्थालाई अवसर र चुनौतीका रुपमा

लिई नगरवासीहरुको सर्वोपरी हितमा हामी जननिर्वाचित प्रतिनिधिहरूबाट नगरवासीका असिमित आवश्यकतालाई उपलव्ध सीमित श्रोत तथा साधनको समुचित संयोजन गरी सन्तुलित विकासको अवधारणा मुताविक नगर सभाको पहिलो बैठक २०७४/०३/२६ को निर्णयले स्वीकृत गरी आ.व. २०७४/०७५ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पहिलो नगरसभाले स्वीकृत गरी आज मिति २०७४/०३/३० गते सभाको निर्णय सार्वजनिकरण गर्न गइरहेको छु जसअनुसार

आगामी आ.व. २०७४/७५ मा आन्तरिक आय ११ करोड ९२ लाख , वाह्य श्रोतवाट अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फ समानिकरण अनुदान २१ करोड २१ लाख ५७ हजार, सर्शत अनुदान १० करोड ९ लाख ३३ हजार , समाजिक सुरक्षा अनुदान ३ करोड ५० लाख , प्रदेश सरकार वित्तिय समानिकरण अनुदान १९ करोड ८९ लाख ९३ हजार र नगर विकास कोषवाट ऋण १५ करोड गरी कुल ८१ करोड ६२ लाख ८३ हजार प्रस्ताव गरेको छु ।

यसै गरी व्यय तर्फ चालु खर्च तर्फ १८ करोड १९ लाख ९० हजार, सामाजिक सुरक्षा अनुदान ३ करोड ५० लाख गरी जम्मा २१ करोड ६९ लाख ९० हजार प्रस्ताव गरेको छु र पूजिगत तर्फ सार्वजनिक निर्माण तथा सुधार , फर्निचर तथा फिक्सर्चस, सवारी साधन , मेशीनरी औजार, पुजीगत सुधार , पुजीगत अनुसनुधान तथा परामर्श, सफ्टवेयर निर्माण तथा खरिद र भैपरी आउने पुजीगत खर्च समेत गरी रु ४० करोड ४२ लाख ९३ हजार , नगरपालिका कार्यालय भवन र वडा कार्यालयहरु समेतको भवन निर्माणका लागि रु १५ करोड र समपुरक कोष तर्फ ४ करोड ५० लाख गरी जम्मा ५९ करोड ९२ लाख ९३ हजार पेश गरेको छु साथै चालु तथा पुजीगत गरी जम्मा ८१ करोड ६२ लाख ८३ हजार व्याय पेश गरेको छु ।

पृष्टभूमि - नागार्जुन नगरपालिका नेपाल सरकारको मिति २०७१ मंसिर १६ को निर्णयानुसार साविकमा ५ वटा गाउँ विकास समितिहरुलाइ गाभेर ऐतिहासिक नागार्जुननगरपालिकाको गठन भएको हो से पश्चात संघिय संरचनामा कार्यान्वयन गर्ने क्रममा नेपार सरकारको मिति २०७३ चैत्र २७ गतेको निर्णयानुसार नागार्जुन नगरपालिका स्थानीय तहको रुपमा गठन भएको हो । यो स्थानीय तह आफैमा नयाँ शुरुवात हो । नेपालको सविधानले स्पष्ट रुपमा स्थानीय तहका काम कार्वाहीहरुको व्याख्या गरि आवश्यक अधिकारहरु समेत प्रदान गरेको छ । तर पनि उचित ऐन कानूनहरु निर्माण नभै सकेको अवस्थाले गर्दा पुर्ण रुपमा काम कार्वाही गर्न समस्या सृजना भएको छ । स्थानीय निकायमा लामो समय सम्म जननिर्वाचित पदाधिकारी नहुदाँ स्थानीय निकाय संचालनको लागि अत्यन्त असहज परिस्थिती सृजना हुदै गरेको अवस्थामा संघीय संरचना अन्तर्गत स्थानीय

निकायलाइ स्थानीय तहका रुपमा विकास गरी विगत १५ वर्ष देखिको जनप्रतिनिधीको रिक्ततालाइ परिपूर्ती गरी स्थानीय तहको निर्वाचन सम्पन्न गरी जनताको सवैभन्दा नजिकको सरकारलाई स्थानीय जनताहरुले आफैले आफ्ना मतदारा छान्ने व्यवस्था गरी स्थानीय तहको निर्वाचन गरेकोमा सर्व प्रथम म नेपाल सरकारलाई हार्दिक धन्यवाद प्रकट गर्न चाहान्छु साथै सम्प ूर्ण मतदाता जसले निर्वाचनमा भाग लिएर आफ्नो अमुल्य मत दिनु भयो उहाँहरु सवैप्रति हार्दिक आभार सहित कृतज्ञता प्रकट गर्दछु । यो नयाँ शुरुवातलाई संविधान , ऐन नियम, तथा आर्थिक श्रोत सवै अवस्थाको मध्यनजर गर्दै जन जनभावना अनुसार कार्यहरु व्यवस्थित तवरवाट शुरुवात गरिनेछ । जननिर्वाचित प्रथम नगर प्रमुखको हैसियतवाट आ.व २०७४/ ७५ को वार्षिक नीति योजना तथा कार्यक्रम सहितको वजेट निर्माण तथा कार्यान्वयन गर्ने विशिष्ट जिम्मेवारी प्राप्त भएकोमा सवै नगरवासी प्रति हार्दिक कृतज्ञता समेत प्रकट गर्दछु ।

१. **<u>नगरको गुरूयोजना</u>** - यस नगरपालिका नयाँ गठन भएको नगरपालिका भएकोले यसको समग्र विकासको लागि गुरुयोजना विना कुनै पनि कार्य व्यवस्थित तरिकावाट सम्पादन गर्न नसकिने हुदाँ सर्व प्रथम नगरपालिकाको सवै क्षेत्र को अवस्था झल्कने गरी वृहत गुरुयोजना तयार गरिनेछ । जसले गर्दा समग्र नगरको आर्थिक , सामाजिक, भौतिक, शैक्षिक, ऐतिहासिक, पर्यटन प्रवर्धन, लगायतका अवस्थाको अध्यायन भइ समग्र विकासात्मक गतिविधीहरु आवश्यकता र औचित्यताका आधारमा व्यवस्थित रुपले अगाडी वढाउन सहजता प्रधान हुन्छ जसले गर्दा गुणात्मक विकासका कार्यक्रमहरु संचालन भै एक समुन्नत नगरपालिका निर्माण हुनेछ ।

२. **<u>ऐतिहासिकता प्रवर्धन गर्ने</u>** - यस नगरपालिका आफैमा ऐतिहासिक नगरपालिका यसको आफ्नै लामो इतिहास रहेकोले यस नगरपालिका भित्रका सम्पदाहरु विश्वसम्पदा सुचीमा सुचीकृत भएकोले उक्त क्षेत्रभित्रको मौलिकता , संस्कृतिहरु

लाइ जिवन्त राखी विश्वसामु परिचित गराउनका लागि यस नगरपालिका क्षेत्र भित्र अन्य निकायवाट विभिन्न कार्यक्रम सम्पादन गर्दा नगरपालिकाको अनुमति विना नगर्ने नगराउने व्यवस्था गरिने छ । जसवाट नगरपालिकाको संस्कृति सम्पदाहरु संरक्षण हुनुका साथै नयाँ निर्माणहुने शहरहरु एकै आकार प्रकार भै ऐतिहासिकता अझ थप मजवुँद वनाउदै ऐतिहासिकताको प्रवर्धन गरिनेछ । सास्कृतिक प्रवर्धन तथा विकासका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

३. **<u>डोजर लगाउन अनुमति लिने -</u>** यस नगरपालिका क्षेत्रभित्र कुनै पनी नाममा जग्गा जमिन सम्याउने तथा खण्डीकरण गर्ने गराउने कार्यको लागि डोजर चलाउन विना अनुमति दिइने छैन । प्रकृतिक भूवनोटलाइ खलल नपुर्याउने तथा अन्य कुनै पनी हानी नोक्सानी नपुर्याउने आधार स्पष्ट भए पश्चात मात्र औचित्यका आधारमा नियमानुसार अनुमति दिइने छ ।

४. **<u>नक्सापास सहजिकरण -</u>** यस नगरपालिकावाट पास गरिने घर नक्सालाइ व्यवस्थित गरि नागरिक मैत्री वनाउन नक्सापास प्रकृयालाइ क्रमश Online सेवामा आवद् गरिने छ । नगरपालिका कार्यालयवाट शुरु गरि यो सेवा क्रमागत रुपमा वडा कार्यालयहरुमा समेत विस्तार गरी सेवा ग्राहीले सम्वन्धित वडा कार्यालयवाटै आफ्नो सेवा लिन सक्ने व्यवस्थालाइ क्रमागत रुपमा शुरुवात गरि नक्सापास प्रकृयालाइ व्यवस्थित गराइने छ ।

५. **<u>नक्सा अभिलेखिकरण-</u>** नगरपालिका गठन हुनु पुर्व नै निर्माण भएका घर नक्साहरु एंव नक्सापास नभै निर्माण भएका सवै घरहरुलाइ नियमानुसार अभिलेखिकरण गरि व्यवस्थित गरिने छ । सवै

६. नगरवासीहरुको नक्सा पास नभएका घरहरुलाइ नक्सापास अभिलेखिकरण गरी नगरपालिकामा आवद् गराइने छ ।

७. **<u>वृदध भत्ता वितरण</u>** - यस नगरपालिका वाट वितरण गरिने सामाजिक सुरक्षा भत्ता लाई साविक गाउ विकास समितिको समय देखिनै वैक मार्फत वितरण हुदै आएकोमा सो सेवालाइ अझ व्यवस्थित तथा पारदर्शिपूर्ण वनाउन सम्वन्धित वैक संगको सहकार्यमा Mobile Banking प्रणालीमा आवद् गरिने छ । जसवाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफुले प्राप्त गर्ने भत्ता कुन समयमा आफ्नो वैक खातामा जम्मा भयो भन्ने जानकारी प्राप्त भइ लाभग्राहीहरुलाइ सहजता मिल्ने छ ।

८. **<u>नमूना विकास</u>** - नगरपालिका भित्र निर्माण हुने सडक , ढल, विद्यालय, पार्क, स्वास्थ्य चौकी , सामुदायिक वन तथा नगर सूचना केन्द्रहरु लाइ नमूनाको रुपमा विकास गरिने छ जसवाट भोलिका दिनमा अन्य निमार्ण कार्यहरु व्यवस्थित रुपमा निर्माण हुन सहजता मिल्ने छ । (जस्तै - सडक निर्माण गर्दा फुटपाथ सहितको सडक एंव भिन्न क्षमता मैत्री, सरकारी तथा सामुदायिक भवनहरु निर्माण गर्दा वालवालिका , भिन्न क्षेमता मैत्री निर्माण आदि) सबै गोरेटो बाटोहरलाई विस्तार गरि न्युनतम ४ मिटर कायम गर्ने व्यवस्था मिलाइने छ ।

९. **<u>अन्तरनगर साझेदारीका कार्यक्रमहरु</u>** - यस नगरपालिकाको सिमाना महानगर पालिका देखि अन्य नगरपालिकाहरु समेत संग जोडिएकाले दुवै नगरपालिकालाइ फाइदा पुग्ने खालका दुइ वा दुइ भन्दा वढी नगरपालिकाको साझेदारीमा संचालन हुने पुर्वाधार निर्माणका कार्यक्रमहरुलाइ विषेश जोड दिइने छ यसको लागि समपुरक कोषको व्यवस्था गरिने छ । जसले अन्य निकायहरुको सहकार्यमा समेत कार्यक्रमहरु संचालन गरि नगरको आवश्यकता परिपूर्ति गराउन पहल गरिने छ ।

१०. **<u>सूचना प्रविधि मैत्री कार्यक्रम</u>** - आजको यूग सूचना प्रविधिको यूग भएकोले नगरपालिकाले आफ्ना नगरवासीलाइ सूचना प्रविधिका पहुँच पुर्याउनको लागि

निश्चित स्थानहरुमा Wi Fi Free को प्रवन्ध मिलाउन पहल गरिने छ । जसको लागि सर्व प्रथम कार्यालय क्षेत्र , वडा कार्यालय क्षेत्र , नगर सूचना केन्द्र , स्वास्थ्य केन्द्रहरु, तथा पार्कहरुमा अध्यायन पश्चात नमूनाको रुपमा सुरुवात गर्दै क्रमिक रुपमा विस्तार गर्दै लगिने छ ।

११. **<u>सवारी पार्किङ्ग</u>** - यस नगरपालिकाको वढ्दो जनघनत्व तथा चापलाइ मध्यनजर गर्दै व्यवस्थित सवारी पार्किङ्गको लागि उपयुक्त अवस्था अवलम्वन गरिने छ । जसवाट कुनैपनी घरधनीहरुले नक्सावाट गर्दा Underground Parking वनाउनेलाइ नक्सापासमा उक्त पार्किङ्ग एरियाको दस्तुर छुट दिइने छ साथै सार्वजनिक क्षेत्र तथा व्यक्तिगत क्षेत्रहरु संग आवश्यक सहकार्य गरि पार्किङ्ग स्थलहरु निर्माण आवश्यक सहयोग उपलव्ध गराइने छ । सडकमा हुने अव्यवस्थित लाइ निरुत्साहित गरिने छ ।

१२. **<u>सामाजिक विकृति</u>** - यस नगरपालिका भित्र रहेका सवैखाले सामाजिक विकृति तथा विसंगतीको पुर्ण रुपमा नियन्त्रणको लागि आवश्यक व्यवस्था गरिने छ । (जस्तै - अवैध लागू औषध प्रयोगले वढ्दै गरेको दुर्वेसनी एंव सामाजिक विकृति विसंगती नियन्त्रण तथा रोकथाम , सडकमा जथाभावी पार्किङ्ग नियन्त्रण, सडक किनारामा जथाभावी निर्माण सामाग्रीहरु राख्ने कार्य नियन्त्रण , अव्यवस्थित फूटपाथ र पसल व्यावसाय , छाडा चौपाय तथा सामुदायिक (मनुमित्र) कुकुरहरु व्यवस्थापन , सवैखाले महिला हिंसाको अन्त्य , दलित माथि हुने हिंसा आदि)

१३. **<u>राजस्व परिचालन</u>** - यस नगरपालिकाले यस नगरपालिका क्षेत्र भित्र रहने सवै खालका व्यापार, व्यावसाय, सेवा तथा परामर्शहरुमा नियमानुसार कर दस्तुरहरु तोकी सवै क्षेत्र र वर्गवाट करको दायर फराकिलो पारी राजस्व संकलन गर्ने छ । संकलित राजस्वलाइ व्यवस्थित पारदर्शि एंव समानुपाति वितरण प्रणालीका आधारमा नगरवासीको उच्चतम हितमा प्रयोग गरिने छ । जसवाट

नगरवासीले वढी भन्दा वढी प्रतिफल प्राप्त गर्न सक्ने अपेक्षा समेत लिइएको छ ।

१४. **<u>एक घर दुई रुख अभियान</u>** - नगरपालिकालाइ वातावरणमैत्री नगरपालिका निर्माण गर्नको लागि हाल भै रहेको घरहरुमा समेत एकघर दुई रुख नीतिलाइ अवलम्वन गर्न पहल गरिने छ साथै नयाँ निर्माण हुने घरहरुमा अनिवार्य रुपमा एक घर एक रुख नीतिलाइ अंगिकार गरिने छ । जसवाट स्वस्च्छ वातावरण मैत्री तथा Smart Residential नगरपालिकाको रुपमा समेत विकास गर्न सकिन्छ ।

१५. **<u>Safety Tank (सकपिट)-</u>** नदीनाला तथा वरपरको वातावरण स्वच्छ राख्नको लागि प्रत्येक घरमा सेफ्टीट्याँकी निर्माणको कार्यलाइ अभियानको रुपमा संचालन गरिने छ । साथै नयाँ निर्माण हुने घरहरुमा सेफ्टीट्याँकी विना कुनै पनी निर्माण इजाजत दिइने छैन । नगरपालिका कार्यालयवाट त्यस्तो ढल राख्ने कार्यलाइ निरुत्साहित गर्दै लगिने छ । सेफ्टीट्याँकी वाट उत्पादित हुने फोहरलाइ नगरपालिकाले नीजिक्षेत्र समेतको सहकार्यमा वायोग्यास उत्पादनका लागि आवश्यक पहलकदमी गरी कार्य अगाडी वढाउने छ ।

१६. **<u>प्लाष्टिक निरुत्साहित</u>** - यस नगरपालिका क्षेत्रलाइ प्लाष्टिक मुक्त नगरपालिका निर्माण गर्न आवश्यक पहल गरिने छ । जसको लागि नेपाल सरकारको सम्वन्धित निकायसंगको सहकार्यमा उचित कार्यक्रमहरु अवलम्वन गरिने छ । साथै नगरस्तरमा प्लाष्टिक झोलाको विकल्पमा अन्य झोलाहरु निर्माण गर्न आवश्यक तालिमहरुको व्यवस्था गरिने छ । जसले वातावरण मैत्री कार्यको लागि थप टेवा पुर्याउने लक्ष्य लिइएको छ ।

१७. **<u>स्कूल /अस्पताल</u>** - यस नगरपालिका भित्र रहेका नीजि विद्यालय तथा अस्पतालहरु संग आवश्यक समन्वय गरी यस नगरभित्रका गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाइ विषेश छात्रवृदिको लागि आवश्यक व्यवस्था मिलाइने

छ साथै यस नगरपालिका भित्र रहेका अस्पताल तथा नरसिंहोमहरु संग आवश्यक समन्वय गरि आर्थिक रुपले पछाडी परेका नगरवासीहरुलाइ उपचारमा विषेश छुटको लागि उचित प्रवन्ध मिलाउन सम्वन्धित संस्थाहरु संग सहकार्य गरि व्यवस्था मिलाइने छ । जसले गर्दा आर्थिक समस्याका कारणवाट उचित शिक्षा तथा स्वास्थ्य उपचार पाउनवाट वंचित महानुभावहरुलाइ राहत मिल्ने अपेक्षा गरिएको छ । सामुदायिक विद्यालय तथा विद्यार्थीहरुको क्षमता अभिवृद्धिका लागि विषेश कार्यक्रमहरु संचालन गर्दै लगिने छ । वालविकास केन्द्र तथा मन्टेश्वरी तथा अन्य विद्यालयहरुको नियमित अनुगमन गरी नियमन गरिने छ ।

१८. **साझेदारी खर्च** - नगरपालिका भित्र संचालन गरिने हरेक योजना तथा कार्यक्रमहरुलाइ साझेदारीको रुपमा थप व्यवस्थित गरि संचालन गरिने छ । स्थानीय जनताको लागत सहभागिता वाट संचालन हुने कार्यक्रमलाइ उच्च प्राथमिकता दिइने छ जसवाट अपनत्वको भावना पैदाभइ गुणस्तरीय कार्य गर्न आम उपभोक्ताहरु सहज हुनेछन् । जसले गर्दा गुणस्तरीय तथा कम लागतमा वढी भन्दा वढी कार्य सम्पादन समेत हुनेछ ।

१९. **यूवा लक्षित कार्यक्रम -** हाल कामको शिलशिलामा दैनिक हजारौ यूवाहरु विदेशी रहेको अवस्थामा यूवाहरुलाइ आत्मनिर्भर वनाउन यूवा लक्षित विविध कार्यक्रमहरु तर्जुमा गरि संचालन गरिने छ । कृषि तथा पुष्प व्यावसायको पकेट क्षेत्र रहेको इलाकामा यूवाहरुलाइ लक्षित गरि अर्गानिक कृषि उत्पादनमा जोड दिदै यूवाहरुलाइ कृषि उद्योगी तथा व्यावसाय मैत्री वनाउन आवश्यक सहयोग तथा सहजिकरण गरिने छ। उचित तालिम तथा सम्वन्धित निकाय संगको सहकार्यमा अनुदान एंव विउ विजन उपकरण लगायतका सामाग्रीहरु उपलव्ध गराउन पहल गरिने छ ।

२०. **वालमैत्री / वातावरण मैत्री** - यस नगरपालिकालाई वालमैत्री तथा वातावरण मैत्री नगरपालिका निर्माण गर्न आवश्यक पहल गरिने छ । वालवालिकाको हितलाइ ध्यानमा राखी वालमैत्री कार्ययोजना अनुसार आवश्यक कार्यको थालनी गरि वालमैत्री नगरपालिका घोषणा गरिने छ ।

२१. **नगर सूचना केन्द्र** - यस नगरपालिकामा स्थापना भएको नगर सूचना केन्द्रलाइ व्यवस्थित सुविधा सम्पन्न वनाउन पहल गरिने छ । नगरपालिकाका सवै गतिविधिहरु संचार मैत्री बनाउने गरि संचार विज्ञ लगाएतकाको परामर्शमा एक संचार नीति बनाइ आवश्यक कार्य अगाडी बढाउने छ । नगरवासीहरुले सहजताका साथ नगर सूचना केन्द्रवाट आवश्यक सूचना तथा जानकारीहरु लिन सक्ने गरि नगर सूचना केन्द्रको विकास गरिने छ ।

२२. **Smart City -** यस नगरलाइ स्मार्ट सिटीका रुपमा विकास गर्न नेपाल सरकार शहरी विकास मन्त्रालयले गरेको शुरुवातलाइ यस नगरपालिकाले नगरपालिकाका अन्य क्षत्रमा पनि अंगिकार गरि व्यवस्थित रुपमा विकास गर्दै लगिने छ । वातावरणमैत्री सुरक्षित वसोवास स्थलको रुपमा विकास गरि नगरलाइ नगरको भूगोल अनुसार व्यापारिक , वौद्धिक , सांस्कृतिक , ऐतिहासिक, पर्यटन विकास तथा कृषि सवै क्षत्रले व्यवस्थित नगरपालिकाको रुपमा विकास गरि नगरको माथिल्लो भागलाइ वातावरण मैत्री वसोवासको रुपमा विकास गरिने छ ।

२३. **Technical Training Centre -** यस नगरपालिका भित्र रहेका विपन्न वर्गलाइ क्षमता विकास गरी विकासको मूल प्रवाहीकरणमा ल्याउनको लागि नगरपालिकाले उपयुर्त स्थानमा आवश्यक क्षमता अभिवृद्धिको लागि उपर्युक्त प्राविधिक शिक्षालय संचालन गर्न पहल गरिनेछ । जसवाट तालिम सीप क्षमताको विकास भइ उद्यमी, उद्यमशिलताको विकास हुन पुग्दछ ।

२४. **<u>भू-उपयोग नीति -</u>** यस नगरपालिका भित्र रहेक जग्गाहरुलाइ अव अव्यवस्थित रुपमा खण्डीकरण हुनवाट जोगाइ व्यवस्थित भू-उपयोग नीतिको अवलम्वन गरिने छ । सार्वजनिक पर्ती जग्गाहरु मारेखाङ्कन गरी सीमाना कायम गरी सो सीमानामा वृक्षारोपण गरि हरियाली कायम गरिने छ ।

२५. **<u>सडक अतिक्रमण -</u>** यस नगरपालिका क्षत्रमा रहेका सार्वजनिक सडकहरु हाल वढ्दो अतिक्रमणको चपेडामा परिरहेको अवस्थामा उक्त अतिक्रमण हुन वाट रोक्नको लागि विषेश व्यवस्था गरिने छ । सडक पेटी तथा फूटपाथमा भएको अतिक्रमण तथा घरको छतवाट पानी सोझै सडक वीचमा झार्ने व्यवस्थालाइ रोक्न अविलम्व सार्वजनिक सूचना संम्प्रेशण गरि हटाउन जानकारी गराइने छ । अन्यथा नगरपालिका, स्थानीय टोलवासी र सुरक्षाकर्मी सहितको सहयोगमा हाल भै रहेको अतिक्रमलाइ अविलम्व हटाउने व्यवस्था मिलाइने छ ।

२६. **<u>सार्वजनिक स्रोत र सम्पतिको संरक्षण -</u>** नगरपालिका भित्र भएका सवैखाले स्रोत र सम्पतिको लेखाङ्कन गरि उक्त स्रोतको व्यवस्थापन गरिने छ । यस नगरपालिका भित्र रहेका जलाधार क्षेत्र , सार्वजनिक पर्तीजग्गाहरु , विभिन्न ऐतिहासिक मठमन्दिर , पार्क, सामुदायिक वन आदि लगायतको यस नगरपालिकाका स्रोत र सम्पतिहरुको आवश्यक लगत तयार गरी नगरपालिकाको उच्चतम हितको लागि प्रयोग गर्दै संरक्षण तथा सम्वर्धन गरिनेछ । जसवाट नगरपालिकालाइ अधिकतम लाभ पुर्याउन सकिन्छ ।

२७. **<u>सार्वजनिक जग्गा -</u>** यस नगरपालिका भित्र रहेका सम्पुर्ण सार्वजनिक जग्गाहरुको लगत अध्यावद्यिक गरि उचित सुरक्षाको प्रवन्ध मिलाइने छ । जसवाट उपर्युक्त स्थानहरुमा आवश्यक पार्क हरियाली निर्माण गरि वातावरणमैत्री नगरपालिका निर्माणमा थप टेवा पुर्याइने छ । जसले आवश्यक पर्यटन पर्वधनको कार्यमा समेत थप टेवा पुर्याउने छ।

२८. **<u>पर्यटकिय क्षत्रको प्रवर्धन -</u>** यस नगरपालिकाको ऐतिहासिकता तथा मौलिकतालाइ ध्यान दिदै आवश्यक पर्यटकिय क्षत्रहरुको प्रवर्धन गरि व्यवस्थित पुर्वाधार निर्माणमा ध्यान दिइने छ । ऐतिहासिक मठमन्दिर , कलासंस्कृति तथा सामुदायकि वन एंव उचित पिकनिक स्पोस्टसहरु समेत रहेको यस नगरपालिकालाइ पर्यटकिय प्रवर्धनको रुपमा विकास गर्न नीजि क्षत्रलाइ आकर्षित गरिने कार्यक्रम संचालन गरिने छ । ppp मोडलको रुपमा नीजि क्षत्रहरुको सहभागितामा स्वयम्भू देखि जामाचोकसम्म केबुलकार संञ्चालनमा सम्मावयआवश्यक पुर्वाधारहरु विकास गरि समुन्नत तथा पर्यटकिय संभावना भएको नगरपालिकाको रुपमा विकास गरि थप व्यवस्थित गराइने छ । विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरुसग भगिनी सम्वन्ध विस्तार गर्न आवश्यक पहलकदमी गरिने छ ।

२९. **<u>सेवा प्रवाह -</u>** नगरपालिका वाट प्रदान गरिने सवै किशिमका सेवाहरु सेवाग्राही मैत्री सरल , सहज , व्यवस्थित वनाउन उच्चतम प्रविधि , क्षमता विकास , र उपयुक्त पुर्वाधार निर्माणमा जोड दिइ सोहि अनुसार लगानी गरिने छ । सेवाग्राहीको जनगुनासो सम्वोधनको लागि विषेश ध्यान दिइने छ ।

धन्यवाद !

२०७४ आषाढ ३० गते आईतवार

सुशिला अधिकारी
नगर उप-प्रमुख
नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिका एक परिचय

नागार्जुन नगरापालिकानेपाल सरकारको मिति २०७१ मंसिर १६ को निर्णयानुसार घोषणा भएको र संघिय संरचना अनुसार नेपाल सरकारको निर्णय बमोजिम मिति २०७३ फाल्गुन २७ गते नागार्जुन नगरपालिका नगर कार्यपालिकाको गठन भएकोजानकारी गराउँद छु ।

यो नगरपालिकामध्यमाञ्चल विकास क्षेत्रको बागमती अञ्चल अन्तर्गत काठमाँडौ जिल्लामा पर्दछ ।**पूर्वमा** काठमाडौं महानगरपालिकाको वडा नं १४,१३,१५ र १६ **पश्चिममा** धादीङ्ग जिल्ला, **उत्तरमा** तारकेश्वर नगरपालिका र **दक्षिणमा** चन्द्रागिरी नगरपालिका रहेका छन् । भौगोलिक दृष्टिबाट यो नगरपालिका पुर्व देशान्तर ८५° १२' देखि ८५° १७' को विचमा र उत्तर आक्षांश २७°४०' देखि २७°४४' को विचमा पर्दछ ।

- ❖ नगरपालिकाको क्षेत्रफल : २९.८ वर्ग कि.मी.
- ❖ उत्तरी आक्षांश : २७°४०' देखि २७°४४'
- ❖ पूर्वी देशान्तर : ८५° १२' देखि ८५° १७'
- ❖ औषत उचाई सम्म । : समुद्र सतह देखि १३०० देखि २५०० मी.

भौगोलिक बनावटको दृष्टिकोणले यस नगरपालिकालाई मुख्य २ क्षेत्रमा विभाजन गर्न सकिन्छ ।

१. उत्तरी पहाडी क्षेत्र

२. उपत्यका क्षेत्र

नगरपालिकामा गाभिएका साविक गा.वि.स.का वडाहरुको विवरण

हालको वडा नं.	साविक न.पा. का वडाहरू	साविक गा.वि.स.का वडा हरू	गा.वि.स.का नाम
वडा नं. १	वडा नं. १	वडा नं.७, ८, ९	इचंगुनारायण
वडा नं. २	वडा नं. २	वडा नं. ५, ६	इचंगुनारायण
वडा नं. ३	वडा नं. ३	वडा नं. १, २, ३, ४	इचंगुनारायण
वडा नं. ४	वडा नं. ४	वडा नं. १, २, ४	सितापाइला
वडा नं. ५	वडा नं. ५ र ६	वडा नं. ३,५,६,७, ८ र ९	सितापाइला
वडा नं. ६	वडा नं. ७ र ८	वडा नं. ४, ५, ६, ७, ८, ९	रामकोट
वडा नं. ७	वडा नं. ९ र १४	वडा नं. १,२,३ र ७,८,९	रामकोट, स्यूचाटार
वडा नं. ८	वडा नं. १० र ११	वडा नं. १ - ९	भिमढुंगा
वडा नं. ९	वडा नं. १२	वडा नं. १, ३, ६	स्यूचाटार
वडा नं. १०	वडा नं. १३	वडा नं. २, ४, ५	स्यूचाटार

राष्ट्रिय जनगणना २०६८ अनुसार नगरपालिकाको घरधुरी संख्या १६७४६ छ भने कूल जनसंख्या ६७४२० रहेको छ । जसमध्ये पुरुष ३४०६४ (५०.२५%) र महिला ३३३५६ (४९.७५%) रहेको छ । अधिराज्यका अन्य भागबाट समेत क्रमिक रुपमा बसाई सर्ने प्रवृत्ति भईरहेको हुँदा यहाँ विभिन्न जाति तथा धर्मालम्विहरुको वसोवास पाईन्छ । नेवार, बाहुन मगर, सन्यासी तथा क्षेत्री जातिको बाहुल्यता रहेको यस नगरपालिकामा अधिकांश जनसंख्या हिन्दु र वौद्ध धर्म मान्ने गर्दछन् । औषत घरपरीवार संख्या ४.२१ छ भने लिङ्ग अनुपात ०.९८ रहेको छ । यस नगरपालिकामा प्रति वर्ग कि.मी. ५३६.४ को वसोवास रहेको छ ।

कुल जनसंख्या : ६७४२०

पुरुष : ३४०६४

महिला : ३३३५६

कुल घरधुरी संख्या : १६७४६

प्रति परिवार औषत संख्या : ४.२१

लिङ्ग अनुपात : ०.९८

जनसंख्या घनत्व(प्रति वर्ग कि.मी.) : २२६२.४२

नगर क्षेत्र भित्र रहेका केहि महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरुको नामावली

१. ईचङ्गुनारायण मन्दिर
२. हल्चोक आकास भैरव
३. रानीवन क्षेत्र
४. नागार्जुन जामाचो
५. ह्वाईट गुम्बा
६. बद्री नारायण धाम
७. गणेशमान स्मृती पार्क
८. सहिद पार्क
९. भिमसेनस्थान, भीमढुङ्गा
१०. स्वीजरल्याण्ड चौर, पार्क
११. हसन्टार गुम्बा
१२. भूवनेश्वरी मन्दिर
१३. पञ्चकन्या मन्दिर
१४. तारकेश्वर मन्दिर
१५. विभिन्न स्थानमा रहेका होमस्टे जस्तै थाप्ले आदि

यस नागार्जुन नगरपालिकाको पहिलो नगर सभा
बाट पारित भएका Ñg/g योजना तथा
कार्यक्रमहरू

१. नागार्जुन नगरपालिको आ.व ०७३।७४ को वास्तविक, चालु आ.वको दोश्रो चौमासिक सम्मको बास्तविक, चालु आ.वको संसोधित र आ.व ०७४।७५ को प्रस्तावित आम्दानी तथा खर्च विवरण यसै साथ संलग्न **अनुसूचि मा** नगर सभाबाटसर्व सम्मत रुपमा पास गरियो ।

२. गत विगतका साविक नगरपालिकाबाट वित्तिय हस्तान्तरण भई आएका योजना तथा कार्यक्रमहरु आगामी आ.व. को पौस मसान्तभित्र सम्पन्न गर्न नगरसभाबाट सर्व सम्मत रुपमा पास गरियो ।

३. नगरपालिकाले आफ्नो क्षेत्रभित्र संचालन भएका तथा संचालित हुने योजना र कार्यक्रमहरुको समग्र अनुगमन तथा सुपरिवेक्षण गर्ने प्रयोजनका लागि साविकको स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम गठन भएको नगर सुपरिवेक्षण तथा अनुगमन समिति लाई थप क्रियाशिल गरी प्रभावकारी अनुगमन गर्ननगरसभाबाट सर्व सम्मत रुपमा पास गरियो ।

४. नगर परिषदबाट प्रस्तावित नगरपालिका कार्यालयबाट आगामी आ.व.मा संचालन हुने योजना तथा कार्यक्रमहरुको बाँडफाँड स्वीकृत गरी सो अनुसार कार्यक्रम कार्यान्वयन गर्ने अधिकार नगरपालिकालाई प्रदान गरियो । साथै नेपाल सरकारका विभिन्न मन्त्रालय अन्तर्गतका कार्यालयहरु यस स्थानीय तहमा वजेट तथा कार्यक्रम सहित हस्तान्तरण भइ आएपश्चात अन्तर सम्वन्धित कार्यक्रमहरुलाइ एकमुष्ट गराइ संचालन गर्ने निर्णय गरियो । ठुलो योजना तथा कार्यक्रमहरु सम्वन्धित केन्द्रीय सरकार तथा प्रदेश सरकारवाट संचालनको लागि पहल कदमी गर्ने नगरसभाबाट सर्व सम्मत रुपमा पास गरियो ।

५. वस्ती स्तरबाट छलफल भई माग भएका तर रकम विनियोजनमा नपरेका योजनाहरुलाई नगरकार्यपालिकाको योजना वैंकमा समावेश गरि प्राथमिकताको आधारमा आन्तिरिक श्रोतको पर्याप्तता भएमा क्रमैसंग संचालनमा लाने तथा ठुला प्रकृतिका योजनाहरुलाई दीर्घकालिन योजनामा राखी आवश्यकता र औचित्यताको आधारमा वहुवर्षिय आयोजना स्रचालन गर्ननगरसभाबाट सर्व सम्मत रुपमा पास गरियो ।

६. विषयगत समिति मार्फत प्रस्ताव एवं संसोधन गरिएका क्षेत्रगत गुरुयोजनाहरुको तयारिको लागि उपसमिति वनाई आवश्यक रकम विनियोजन गरि परामर्श तथा विज्ञहरु मार्फत क्रमैसंग संचालन गर्दै जाने नगरसभाबाट सर्व सम्मत रुपमा पास गरियो ।

७. जिल्ला समन्वय समिति मार्फत राजश्व बाडँफाँड वापतको यस नगरपालिकालाई प्राप्त हुनु पर्ने सबै प्रकारका रकम निकासा माग गर्ने नगरसभाबाट सर्व सम्मत रुपमा पास गरियो ।

८. २०७२ वैशाख १२ को विनाशकारी भूकम्पका कारण "क" वर्गका कार्ड लिएका नागरिकहरुको लागि एक वर्ष सम्म नक्सा पास निशुल्कगर्ने निर्णयलाई नगरसभाबाट सर्व सम्मत रुपमा नगरसभाबाट सर्व सम्मत रुपमा पास गरियो ।

९. यस नगरपालिकामा नेपाल सरकारबाट स्वीकृत लैगिंक समता तथा सामाजिक समावेशीकरण(GESI)सम्बन्धी नीतिले निर्दिष्ट गरे बमोजिम नगरपालिकाका पदाधिकारीहरु, नगरपालिका अर्न्तगत गठित विभिन्न समितिका पदाधिकारी एवं नपाका कर्मचारीहरुलाई स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८ को परिच्छेद ४ मा उल्लेख भए अनुसार नगरपालिकाको लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेश बजेट परिक्षण (GESI Audit) गर्ने त्यसैगरी सोहि निर्देशिकाले व्यवस्था बमोजिम कार्य योजनाको ढाँचामा तयार भएको बार्षिक कार्य योजना तयार गरी नगर सभाबाट रुपमा पास गरियो ।

१०. सामुदायिक विधालयको इस्तर उन्नतीको लागि विपन्न वर्ग, दलित जनजाति आदिवासी, सिमान्तकृत, अल्पसंख्यक, उथानको लागि आवश्यक अध्यायन गरी उचित रकमको व्यवस्था मिलाउने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

११. न्युन आय भएका विपन्न वर्ग, दलित जनजाति आदिवासि उथानको लागि प्रति वडा ३ देखि ५ जनाको लागि बिना धितो सहकारी मार्फत सामुदायिक जवानीमा ३ देखि ५ लाख रूपैंया जिवन स्तर कर्जा उपलब्ध गराउन आवश्यक विनियम तयार गरी लागू गरिने । साथै कृषि अन्तर्गत १ घर उत्पादन कार्यक्रमलाई प्रभावकारी वनाउन स्थानीय वातावरण तथा हावापानी सुहाउदो उन्नत जातका फलफुलका विरूवा वितरणगर्न नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

१२. नागार्जुन नगरपालिकामा माग भए गरेका सम्पूर्ण गतिविधिहरूको सम्प्रेश्ण गर्नको लागि एफ.एम. र एक अनलाइन न्युज संचालन गर्न आवश्यक रकम विनियोजन गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

१३. **(स्थानीय शासन संचालन सम्बन्ध ऐन नियम अनुसार)** साविक नगरपालिकाको स्वामित्व तथा संरक्षणमा रहेका सार्वजनिक मठ, मन्दिर, गुम्बा, मस्जिद, पाटि, पौवा, प्राचीन स्मारक, ताल, तलैया, पार्क, पर्ति जग्गा, सार्वजनिक जग्गा, देवालय तथा अन्य सार्वजनिक संपत्तिहरुको अभिलेख तथा संरक्षण गर्ने निर्णय गरियो । तथा साविकका गाविसहरुको भोग चलनमा रहेको सार्वजनिक सम्पत्तिको अनुसूचि बमोजिम अभिलेखिकरण गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

१४. नागार्जुन नगरपालिकाको साविक "कर्मचारी विनियमावली २०७१" (संसोधन सहित) यस नगरसभाबाट अनुमोदन गर्नेनगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

१५. नगरपालिकाको कर्मचारीहरुको कार्य सम्पादनलाई थप प्रभावकारी वनाउन उत्प्रेरणा जगाउने खालका कार्यक्रमहरु जस्तै साविक नगरपालिका देखि निरन्तर कार्य गर्ने १५ वर्ष पुगेका कर्मचारीहरुलाई पदक तथा सेवा पदक र विशेष योगदान पुर्‍याएका एवं कुशल कार्य सम्पादन गर्ने ३ जना कर्मचारीहरुलाई पुरस्कृत गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

१६. नागार्जुन नगपालिकाको साविक परिषदले पारित गरेको निर्णयहरुलाई अनुमोदन गरी आ.व २०७४।७५ को कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

१७. व्यवस्थित कार्यालय भवन नहुदा सेवाग्राहीको दैनिक प्रशासनिक काम कार्यलाइ व्यवस्थित गर्न कठिन हुने हुदाँ नगरपालिकाको केन्दिय कार्यालय भवन बनाउन केन्द्रिय सरकारवाट समेत आवश्यक पहल गरी रकम माग गर्ने साथै नगरपालिकाले यसै आ.व वाट भवन निमार्णको अविलम्व कार्य आरम्भ गर्न आवश्यक ऋण लिई नगरपालिका कार्यालय भवन तथा आफ्नो भवन नभएका वडा कार्यालयहरु निमार्णको लागि रु १५ करोड ऋण तथा केन्द्रिय सरकारवाट समेत माग गरि भवन निमार्ण कार्य थालनी गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

१८. हाल संचालनमा रहेका १० वटा वडा कार्यालय र केन्द्रिय कार्यालयमा व्यवस्थापन गर्न अनलाइन बिलिङ्ग प्रणाली लागू गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

१९. वडा कार्यालय संचालनको लागि संचालन खर्च प्रति महिना रकम रू. २५,००० भुक्तानी दिने गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

२०. जनप्रतिनिधि ज्यूहरू, विषयगत समिति एवं नगरपालिकामा कार्यरत सबै कर्मचारीहरुको क्षमता वृद्धि हुने खालका तालिम तथा अवलोकलण भ्रमणको लागि क्षमता विकास योजना बमोजिम कार्यक्रमहरु कार्यान्वयन गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

२१. नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुतथा पदाधिकारीहरुको भवन निर्माण गर्ने भएमा नक्सापास प्रयोजनार्थ लाग्ने शुल्क एक पटकको लागि छुट गर्नेनगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

२२. नेपाल सरकारले लिएको राष्ट्रिय पर्व , दिवश मनाउने सम्बन्धि कार्यक्रमहरु सबै नगरपालिका मार्फत रकम विनियोजन भई नगर स्तरमा कार्यान्वयन गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

२३. नगरक्षेत्र भित्रका वेवारिशे लास, मरेका जिवजन्तुको व्यवस्थापन गर्ने दायित्व नगरपलिकाकै भएको हुनाले त्यस्तो कार्यकोलागि निजि साझेदारी कार्य गर्न अनुभवि संस्थाहरुसँग सम्झौता गरी वजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नेनगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

२४. नागार्जुन नगरपालिकालाई वातावरणमैत्री, बालमैत्री, जेष्ठ नागरिकमैत्री, महिलामैत्री, अपाङ्गमैत्री लगाएत स्थानीय शासनमा व्यवस्था भएका सूचकहरुलाई पूरा गर्ने तर्फ योजना तथा कार्यक्रमहरु संचालन गर्नेनगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

२५. नागार्जुन नगरपालिकामा जनशक्तीलाई व्यवस्थापन गर्न साविक नगरपालिकाका गठनका वखतमा बाहल रहेका सेवा करारमा कार्यरत प्रशासनिक तथा प्राविधिक र संस्थाकरारमा कार्यरत कर्मचारीहरु एवं सवारी चालकहरुको आगामी आ.व. सम्मको लागि सेवा लिनको लागि आवश्यक बजेटको व्यवस्था गरी म्याद थप गरी कामकाज लगाउने र हाल खाइपाइ आएको तलब भत्ता सेवा सुविधालाई आगामी आ.व २०७४/०७५ मा समेत निरन्तरता दिनेगरी नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

२६. नगर कार्यपालिका बोर्ड तथा नगरपालिकाबाट हाल सम्म भएगरेका निर्णयहरु छलफल भई अनुमोदन गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

२७. विगत देखि संचालन हुँदै एल.जि.सि.डि.पी. कार्यक्रम अन्तर्गत कार्य गर्दै आएका ई.सन्दीप गिरीलाई स्ट्रकचर इन्जिनियर तर्फ र सामाजिक परिचालकहरू निशा श्रेष्ठ, संजिता नेपाली, भिमकुमारी वन र दुर्गा पौडेललाई सामाजिक परिचालककै रूपमा नगरपालिकाको तर्फबाट म्याद थपि कामकाज लगाउने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

२८. सल्लाहकार नियुक्ति सम्वन्धमा - यस नगरपालिकाको लागि कानून तथा वातावरण सम्वन्धी राय सल्लाह लिइ रहनु पर्ने भएकोले कार्य संचालन तथा निर्देशिका को दफा ४२ वमोजिम यस अघि नियुक्ति हुनु भएका अधिवक्ता कपिलराज पुरीलाई कानून सल्लाहकार तथा कान्छा राय तामाङलाई वातावरण सल्लाहकारमा **जिम्बेवारीप्रदान गर्दै** अन्य छ **जना**आवश्यक सल्लाहकारहरू चयन गर्न नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

२९. श्रदा महिला विद्यालयलाई वार्षिक रुपमा विद्यालय संचालनको लागि रु ४ लाख सहयोग उपलव्ध गराउने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

३०. साविक नगरपरिषदले फस्कु – घट्टखोला नर्सरी भञ्ज्याङ्ग–गोदामथोक– स्यूचाटार–कलंकी सडकलाई नगरस्तरीय घुम्ती सडक तथानागार्जुन चक्रपथको अवधारणा तयार पारी ८ मी Right of way निर्धारण गरी नगर स्तरको गौरव योजना बनाई कार्यान्वयन गर्ने निर्णयलाई यस नगरकार्यपालिकाको सभाले निरन्तरता दिने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

३१. नगरपालिका भित्र आवासिय भवनहरु भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धि तालिम लिएका कालिगढ, ठेकेदारहरु मार्फत मात्र निर्माण कार्य गर्न पाउने व्यवस्था गरी उनीहरुलाई सुचिकृत गर्ने र तालिम नलिएका कालिगढहरुलाई क्रमैसंग भूकम्प

प्रतिरोधात्मक भवन निर्माण सम्बन्धि तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

३२. नगरपालिका भित्र निर्माण हुने आवसिय भवनहरुको नक्सा तयार पार्ने प्राविधिक, ईञ्जिनियर, आर्किटेक्टहरुलाई नगरपालिकामा अनिवार्य सूचिकृत हुनु पर्ने व्यवस्था गर्ने र आवश्यक्ता अनुरुप उनीहरुलाई विषय सम्बन्धित तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

३३. नगरपालिका क्षेत्र भित्र आवसिय भवन निर्माण गर्ने घर धनी, नक्सा तयार गर्ने प्राविधिक र घर निर्माण गर्ने ठेकेदारहरुलाई नगरपालिकाको समन्वयमा निर्माण कार्यको गुणस्तर, भवन निर्माण संहिता आदि, मापदण्ड लगायतका विषयहरुमा त्रिपक्षय संभौता गराइ परामर्श दिने कार्यलाई निरन्तरता दिननगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

३४. यस नगरपालिकामा चा.लु आ.वको श्रावण १ देखि राष्ट्रिय भवन संहीता, २०६० (National Building Code)र भवन निर्माण मापदण्ड, २०७२ लागु भएकोमा सोलाई निरन्तरता प्रदान गर्ने र सो सम्बन्धि जनचेतना, तालिम, विपद व्यवस्थापन योजना जस्ता कार्यक्रम संचालन गर्न सरोकारवाला दातृ निकाय, अन्य संघ संस्थाहरुलाई अनुरोध गर्न नगर सभाई सिफारिश गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

३५. यस नगरपालिका अर्न्तगत साविक गाविसहरुमा भवन निर्माण मापदण्ड २०६४ लागू हुन पूर्व वनेका सबै भवनहरुको सम्बन्धित वडाको सिफारिश लिई कार्यविधि तयार गरी आवश्यक प्रमाण सहित तपसिल बमोजिमको समितिबाट स्थलगत अनुगमनको प्रतिवेदनको आधारमा समितिको वैठकको निर्णय बमोजिम आ.व २०७४/७५ को श्रावण १ गते देखि लागू हुने गरी २०७४ चैत्र मसान्तसम्मको लागि हाल कायम भएको नक्सा पासमा लाग्ने शुल्क लिई एक पटकको लागि नक्सा नियमित र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने त्यसै गरी भवन निर्माण मापदण्ड २०६४ लागू भए पश्चात नक्सा पासनै नगरी भवन निर्माण गरेको भवनको हकमा भवन निर्माण मापदण्ड २०६४ (संसोधन सहित) ले व्याख्या गरे अनुरुपकोपूर्वनिर्मित भवनहरुको अभिलेखिकरण गर्ने आगामी आ.व. को चैत्र समान्त भित्र दिने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

३६. राजकूलो वाटो - राजकूलो वाटो प्रयोजनमा आइसकेको अवस्थामा वाटो ४ मी. कायम गरी Set Back ५ फिट छोडी घर निमार्ण गर्न पाउने अन्य अवस्थामा कूलोको किनारवाट दायाँवायाँ ४ मी.छोडी भवन निमार्ण अनुमति दिइने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

३७. FAR तर्फ -Residental Area मा रिङ्गरोडको Track संग जोडिएको जग्गामा FAR ३.०, सितापाईला चोकवाट रामकोट भिमढुङ्गा सडकमा FAR २.५, ८ मिटर र ११ मिटर संग जोडिएको जग्गामा FAR २ वाँकी अन्य सवै ठाँउमा FAR १.७५ कायम गर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

३८. Set Back – संधियार तर्फ भ्याल राख्न जग्गा वाँगो भएका भवनवाट जग्गाको सिमाना एकातर्फ ३ फिट ३ इन्च र अर्को तर्फ ६ फिट ९ इन्च छोडनु पर्ने र टुङ्गिएको बाटोमा मूल सडकबाट २०० मि. सम्मको लागि बाटोको छेउबाट दुवै तर्फ ५ फिट छोडनुपर्ने छ । भवन Basement सहित ४.५ तल्ला सम्म भएमा संधियार तर्फ भवन टाँस्न पाइने र त्यो भन्दा वढी भएमा संधियार तर्फ २ मी छोडी भवन निमार्ण गर्नु पर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

३९. Building Analysis तर्फ - तपशिलका वुदाहरुमा Building Analysis गर्नु पर्ने नगर सभाबाट सर्व सम्मतरुपमा पास गरियो ।

क) Beam को Function मा पिल्लर नभएमा ।

ख) Grid Distanc १४'.९" भन्दा वढी भएमा ।

ग) Grid Area १४५.०० व.फि भन्दा वढी भएमा ।

